SECU SRM
Social & Environmental Compliance Unit
Stakeholder Response Mechanism

# तपाईंको कुनै UNDP परियोजनाको बारेमा चिन्तित हुनुहुन्छ ? सामाजिक तथा वातावरणीय कानुनको पालनाको समीक्षा तथा साझेदार प्रतिक्रिया संयन्त्र

UNDP
Empowered lives. Resilient nations.

## *परिचय*

तपाईंलाई UNDP ले प्रायोजन गरेको परियोजना वा कार्यक्रमले आफू, आफ्नो समुदाय वा वातावरणलाई हानी पुर्याएको छ वा पुर्याउने सम्भावना छ भन्ने लाग्छ भने तपाईं UNDP को सामाजिक तथा वातावरणीय कानुन पालना एकाइ र/वा UNDP को साझेदार प्रतिक्रिया संयन्त्रलाई सहयोग गर्न अनुरोध गर्न सक्नुहुन्छ ।

## ***कानुन पालनाको समीक्षा*** *– UNDP को सामाजिक तथा वातावरणीय प्रतिबद्धतासम्बन्धी गुनासो समाधान गर्ने तरिका*

कुनै व्यक्ति तथा समुदायलाई UNDP ले परियोजना चलाउँदा आफूले गरेको सामाजिक तथा वातावरणीय प्रतिबद्धता पूरा गरेको छैन भन्ने लाग्न सक्छ । सामाजिक तथा वातावरणीय कानुन पालना एकाइ (SECU) ले त्यस्ता व्यक्ति तथा समुदायले गरेको गुनासोको अनुसन्धान गर्छ र प्रतिबद्धता पूरा नगरेको भेटिएमा सो कुरा समाधान गर्ने उपाय सिफारिस गर्न सक्छ । विशेष गरी, यसमा UNDP को सामाजिक तथा वातावरणीय मापदण्डको पालना नभएको अवस्था समावेश हुन्छ ।

## ***साझेदारहरूको प्रतिक्रिया*** *– सम्बन्धित पक्षहरूलाई गुनासो तथा विवाद समाधान गर्न सहयोग गर्ने तरिका*

साझेदार प्रतिक्रिया संयन्त्र (SRM) परियोजनाले असर गरेका साझेदार, UNDP का साझेदार (सरकार, गैसस, व्यवसाय) र अन्य पक्षलाई UNDP ले सहयोग गरेका परियोजनाको सामाजिक र/वा वातावरणीय प्रभावसम्बन्धी  गुनासो वा विवाद समाधान गर्न सहयोग गर्छ ।

## *उजुरी कसले दायर गर्न  पाउँछ ?*

UNDP ले सहयोग गरेको परियोजना वा कार्यक्रमले वातावरण वा आफ्नो कल्याणमा नकारात्मक असर गरेको छ भन्ने लाग्ने हरेक व्यक्ति वा समुदायले उजुरी दायर गर्न पाउँछ । नागरिक समाज जस्ता प्रतिनिधिले पनि प्रभावित समुदायको पक्षबाट उजुरी दायर गर्न पाउँछन्

### *अनुरोध कहाँ दायर गर्ने ?*

कृपया SECU सम्बन्धी सबै अनुरोधहरू **secuhotline@undp.org मा पठाउनुहोस् ।**

SRM सम्बन्धी अनुरोधहरू अनुरोध पेस गर्ने व्यक्ति बस्ने देशमा रहेको UNDP कन्ट्री कार्यालयबाट वा प्रधानकार्यलयको SRM टोलीलाई **stakeholder.response@undp.org मा इमेल गरेर पठाउन सकिन्छ ।**

UNDP को कन्ट्री कार्यालयको सम्पर्क ठेगाना  UNDP को गृह पृष्ट **www.undp.org मा पाउन सकिन्छ ।**

### *अनुरोधमा के समावेश गर्ने ?*

तपाईंले आफ्नो अनुरोधमा निम्न कुराहरू समावेश गर्नुभएमा हामीलाई सहयोग हुने छ:

- नाम, टेलिफोन र अन्य सम्पर्क जानकारी
- अनुरोधकर्ता प्रारम्भिक मूल्याङ्कन दौरान आफ्नो पहिचान गोप्य राख्न चाहन्छन् वा चाहँदैनन् भन्ने जानकारी
- UNDP परियोजनाको नाम, स्थान र प्रकृति
- अनुरोधकर्ता के आधारमा UNDP ले सहयोग गरेको परियोजनाले आफूलाई नकारात्मक रूपमा असर गरेको छ वा गर्ने सम्भावना छ भन्न सक्छन् भन्ने जानकारी
- आफ्नो चिन्ता निराकरण गर्न अनुरोधकर्ताले गरेका विवाद समाधान प्रक्रिया सहितका अन्य प्रयत्नहरू

### *अधिक जानकारीको लागि*

**www.undp.org/secu-srm**

। उजुरी दायर गर्ने व्यक्तिहरू SRM र SECU लाई आफ्नो नाम र पहिचान गोप्य राखिदिन अनुरोध गर्न सक्छन् ।